## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६ मितिः २०८१/०१/१२


भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

## आठविसकोट नगरपालिकामा फार्मेसी सेवा संचालन सम्बन्धी कार्यविधी २०८०

नगर कार्यपालिकामा पेश भएको मिति: २०८०/१०/२६

नगर कार्यपालिकामा पारित भएको मिति: २०८०/१०/२६

प्रमाणिकरण मितिः २०८०/१०/२६

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# आठविसकोट नगरपालिकामा फार्मेसी सेवा संचालन सम्बन्धी कार्यविधी २०८०

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

# आठविसकोट नगरपालिकामा फार्मेसी सेवा संचालन सम्बन्धी कार्यविधी २०८०

**प्रस्तावना:** स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत अस्पताल तथा स्वास्थ्य संस्थाबाट आफ्नै फार्मेसी सेवा संचालन गरी विरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुर्याउन सुशासन तथा व्यवस्थापन ऐन, २०६४ को दफा ४५ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को झ ९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधी बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधीको नाम आठविसकोट नगरपालिकामा फार्मेसी सेवा संचालन सम्बन्धी कार्यविधी, २०७६ रहनेछ।

(२) यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भएदेखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"नगरपालिका"** भन्नाले आठविसकोट नगरपालिका सम्झनु पर्दछ।

(२) **"अस्पताल"** भन्नाले सरकारको पूर्ण स्वामित्व वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम संचालनमा रहेको सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ।

**(३)** **"फार्मेसी सेवा"** भन्नाले अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेका वा संचालन गरिने औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा सम्झनु पर्दछ।

**(४)** **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मसी तथा थेराप्युटिक समिति सम्झनु पर्दछ।

**(५)** **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ।

**(६)** **"सरकार"** भन्नाले संघ, प्रदेश तथा स्थानीय सरकार सम्झनु पर्दछ।

**३. अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति :** अस्पतालमा औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीहरुबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न गराउन देहाय बमोजिमको अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति गठन हुनेछ :

**(क)** अस्पताल प्रमुख : अध्यक्ष

**(ख)** चिकित्सकीय प्रमुख : सदस्य

**(ग)** नर्सिङ् विषय हेर्ने प्रमुख : सदस्य

**(घ)** प्रशासन/ आर्थिक प्रशासन प्रमुख : सदस्य

**(ङ)** अस्पताल फार्मसी प्रमुख : सदस्य सचिव

**४. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**(क)**अस्पताल फार्मेसीमा राखिने औषधी र औषधीजन्य पदार्थ वा सामग्रीको सूची निर्धारणगर्ने

**(ख)** आवश्यकता अनुसार औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीका उत्पादक एवं आपूर्तिकर्ताहरुको पूर्वयोग्यता निर्धारण गर्ने।

**(ग)** गुणस्तरको विश्वसनीयताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने।

**(घ)** अस्पताल फर्मुलरीको स्वीकृत दिने वा थपघट गर्ने।

**(ङ)** औषधीको प्रतिकूल प्रभाव (Adverse Drug Reaction) को अनुगमन गर्ने।

**(च)** अस्पतालबाट प्रदान गरिने उपचार सेवा सम्बन्धी निर्देशिका बनाउने।

**(छ)** अस्पताल फर्मुलरीमा आधारित औषधीको सूची सहितको प्रेस्क्रिप्सनको ढाँचा तयार गर्ने।

**(ज)** अस्पताल फार्मेसीको समय समयमा निरीक्षण तथा अनुगमन गर्ने।

**(झ)** अस्पताल फार्मेसी सेवा संचालन सम्बन्धी विषयमा मन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने गराउने।

**५.** (१) समितिको बैठक कम्तिमा प्रत्येक महिनामा एक पटक बस्नेछ।

(२) समितिको वैठक बस्नुभन्दा कम्तिमा पनि अठ्चालिस घन्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ। मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्षले प्रमाणित गर्नछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**६. अस्पताल फार्मेसी संचालन समिति :** (१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा संचालन गर्न गराउन देहाय बमोजिमको फार्मेसी संचालन समिति गठन हुनेछ।

(क)  अस्पताल फार्मेसी प्रमुख : अध्यक्ष

(ख)  प्रशासन /आर्थिक प्रशासन प्रमुख : सदस्य

(ग)  जिन्सी/खरिद शाखा प्रमुख : सदस्य

(घ)  फार्मेसी प्रमुखले तोकेको कर्मचारी : सदस्य सचिव

(२)  फार्मेसी प्रमुख भइ काम गर्ने व्यक्ति फार्मेसी विषयमा डिप्लोमा/स्नातक/स्नातकोत्तर गरी स्वास्थ्य व्यवसाय परिषदमा दर्ता भएको हुनुपर्नेछ।

(३)  उपदेफा (१) बमोजिमको समितिका अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४)  उपदफा (१) बमोजिमको समितिको बैठक संचालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी संचालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**७. फार्मेसी प्रमुखको काम कर्तव्य र अधिकार** : फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क)  समितिका निर्णयहरु कार्यान्वय गर्न गराउने।

(ख)  समितिको वैठकका लागि प्रस्ताव तयार गरी पेश गर्ने।

(ग)  अस्पतालमा प्रयोगमा गर्ने औषधीको सूची तयार गर्ने गराउने।

(घ)  क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने।

(ङ)  मातहतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने।

(च)  नियमित मौज्दात तथा म्याद गुज्रने मिति नजिक भएका औषधीहरुको रुजु गरी विक्री तथा व्यवस्थापन गर्ने गराउने।

(छ)  समितिले तोकेका अन्य कार्यहरु गर्ने।

**८.  औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद प्रक्रिया :** औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

**९.  औषधी र औषधीजन्य पदार्थको विक्री मूल्य** : (१) औषधी र औषधीजन्य पदार्थको विक्री मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail Prize, MRP) भन्दा बढि हुनुहुदैन

**१०. अस्पताल फार्मेसीको लागि जनशक्ति :** (१) अस्पतालले फार्मेसी संचालनका लागि फार्मेसी प्रमुखको रुपमा काम गर्न स्थायी जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आवश्यक पर्ने कर्मचारीको व्यवस्था हुन नसकेमा स्वास्थ्य सेवाको अन्य समूहमा कार्यरत रहेको स्थायी जनशक्ति मध्येबाट आवश्यक योग्यता पुगेको कर्मचारीलाई फार्मेसी प्रमुखको जिम्मा दिनुपर्नेछ।

(३) अस्पताल फार्मेसी संचालनका लागि खटिने अन्य कर्मचारीको हकमा भने अन्य बैकल्पिक व्यवस्था गर्न वाधा पर्ने छैन।

(४) अस्पताल फार्मेसी संचालनका लागि कम्तिमा देहाय बमोजिमको जनशक्ति रहनेछ।

| क्र. सं. | अस्पताल/स्वास्थ्य संस्था | क्लिनिकल फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | अन्य कर्मची |
|---|---|---|---|---|---|
| १ | १५ शैयासम्मको अस्पताल | - | - | १ | २ |

**११. अस्पताल फार्मेसीको भौतिक पूर्वाधार :** (१) अस्पतालले फार्मेसी संचालनको लागि औषधी वितरण कक्ष र भण्डारण कक्षको लागि प्रर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ।

(२) औषधी वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र प्रर्याप्त भेन्टिलेसन भएको हुनु पर्नेछ। औषधी तथा औषधीजन्य पदार्थको लेवलमा तोकिएको संचय तापक्रम अनुकूल भण्डारण गर्नुपर्नेछ।

(३) फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र संभव भएसम्म अस्पतालको अगाडिको भागमा हुनुपर्दछ। आवश्यकता अनुसार एकभन्दा बढी फार्मेसी संचालन गर्न सकिनेछ।

(४) विरामीलाई परामर्ष दिने उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ।

(५) विक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामग्री असम्बन्धित व्यक्तिको पहुँच नहुनेगरी सुरक्षित राख्ने र छुट्टै भण्डारणको व्यवस्था मिलाउने।

(६) औषधी पुर्जा लिने, डिस्पेन्सन गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ।

(७) औषधी र औषधीजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख, विजकिरण, औषधीको सूचना, लेवल र औषधी सम्बन्धी समस्याहरुको जानकारी आदि संलग्न भएको उपयुक्त सफटवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्नेछ।

(८) नेपाल सरकारबाट प्रदान गरिने निशुल्क औषधीहरु र औषधीजन्य सामग्रीहरुको सूची सबैले देख्नेगरी राख्नुपर्नेछ
।

(९) अस्पताल फार्मेसी संचालनका अन्य पक्ष प्रचलित कानून बमोजिम हुनेछ।

(१०) अस्पतालबाट निशुल्क प्रदान गरिने औषधीहरु र सो बाहेकको औषधीहरु स्पष्ट छुट्टिनेगरी फार्मेसीमा राख्नुपर्नेछ ।

(११) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनै पनि क्रियाकलाप गर्न पाइने छैन । तर औषधीको बैज्ञानिक प्रस्तुति गर्नुपर्दा सामुहिक सहभागिता हुनेगरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतिमा संचालन गर्न वाधा पर्ने छैन।

**१२. विउ रकम (Seed Money) उपलब्ध गराउने :** (१) नगरपालिकाले अस्पताल फार्मेसी संचालनका लागि विउ रकम उपलब्ध गराउन सक्नेछ।

(२) नगरपालिकाले आवश्यक देखेमा उपदफा (१) बमोजिमको अनुदानको रुपमा परिणत गर्न सक्नेछ।

**१३. निशुल्क वितरण गरिने औषधी सम्बन्धमा :** (१) नेपाल सरकारबाट निशुल्क वितरण गर्ने भनि तोकिएको औषधी अस्पताल फार्मेसीले निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ।

(२) निशुल्क वितरणका लागि तोकिएको औषधी र औषधीजन्य सामग्री तथा पदार्थको आवश्यकता अनुसार अनुसार सरकारबाट प्रदान गरिने/गर्ने अनुदान रकम वा औषधी खरिदका लागि प्राप्त रकमबाट खरिद गर्नुपर्नेछ।

(३) कारणबस निशुल्क रुपमा वितरण गरिने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधी निशुल्क गराउन फार्मेसी वाध्य हुने छैन । तर निशुल्क वितरण हुने औषधी र औषधीजन्य सामग्रीको मौज्दात नभएको जानकारी सम्बन्धित विरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाइ दिनुपर्नेछ।

(४) सरकारी अस्पतालहरुले निशुल्क रुपमा औषधीहरु मौज्दातमा नभएमा पनि अति गरिव र असहाय विरामीलाई निशुल्क रुपमा दिने व्यवस्था गर्नुपर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ।

**१४. निशुल्क औषधी प्राप्तको विवरण :** (१) सबै अस्पतालहरुले कुनै पनि स्रोतबाट निशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधी र औषधीजन्य सामग्रीहरु निशुल्क रुपमा प्रदान गर्नुपर्नेछ।

(२) औषधी र औषधीजन्य सामग्रीहरु निशुल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारित भई औषधीदान वा उपहार स्वरुप प्राप्त गर्न सकिनेछ। यसका अतिरिक्त औषधी व्यवस्थापन विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्बन्धी निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ।

**१५. आर्थिक व्यवस्थापन :** (१) अस्पताल फार्मेसीको अलग्गै खाता हुनेछ।

(२) उपदफा (१) बमोजिमको खाताको संचालन अस्पताल प्रमुख र फार्मेसी प्रमुखको संयुक्त दस्तखतमा संचालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम

(ख) फार्मेसीबाट दैनिक रुपमा औषधी तथा औषधीजन्य सामग्री विक्रिवितरण गरेवापतको रकम

(ग) नगरपालिकाबाट प्राप्त रकम

(४) उपदफा (१) बमोजिमको खाताको रकम औषधी खरिद, ल्याव एक्सरे सामग्री खरिद, अस्पताल संचालनका लागि आवश्यक सामग्री खरिद र अस्पतालको व्यवस्थापकीय क्षेत्रमा समेत खर्च गरिनेछ ।

(५) उपदफा (४) बमोजिम खर्च गर्दा पहिलो प्राथमिकता औषधी तथा औषधीजन्य सामग्री खरिदमा दिनुपर्नेछ ।

(६) प्रत्येक दिनको कारोबार रकम सोही दिन वा भोलिपल्टको मध्यान्हसम्ममा बैंक खातामा दाखिला गरिसक्नु पर्नेछ ।

(७) औषधी विक्रिवितरण वापत फार्मेसी खातामा जम्मा हुन आएको जम्मा रकमको कम्तिमा दश प्रतिशत रकम नगरपालिकाको राजश्व खातामा चौमासिक रुपमा जम्मा गर्नुपर्नेछ ।

**१६. आय व्ययको हिसाव :** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आयव्ययको हिसाव गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको आय व्ययको हिसाव सबैको जानकारीको लागि सूचनापाटी/वेभसाइट/ फेसबुक पेज लगायतमा सार्वजनिकरण गर्नुपर्नेछ ।

(३) फार्मेसीको लेखा परिक्षण कुनै रजिष्टर्ड लेखापरिक्षकबाट गराउनु पर्नेछ ।

(४) प्रत्येक आर्थिक बर्षको अन्त्यमा फार्मेसीमा खरिद भएको अध्यावधिक परिमाण, विक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परिक्षण तयार गर्नुपर्नेछ ।

१७. ब्राण्ड तोकी सिफारिस गर्न नहुने : विशेष औचित्य भएमा वाहेक विरामीलाई खास ब्राण्ड तोकी सिफारिस गर्न हुँदैन ।

**१८. अनुगमन तथा मूल्यमङ्कन गरी प्रतिवेदन पठाउनुपर्ने :** अस्पतालमा फार्मेसी संचालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि अस्पताल तथा स्वास्थ्य शाखाले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन नगरपालिका, तालुक प्रदेश तथा संघीय मन्त्रालयको औषधी गुणस्तर निर्धारण शाखामा प्राप्त हुनेगरी पठाउनु पर्नेछ ।

**१९. अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्था :** अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(क) रोगीहरुको रोगको प्रकृति अनुसार अस्पतालका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री तथा पदार्थहरु र औषधीको डोसेज फर्मको सूची अस्पताल फर्मुलरी अध्यावधिक गरी राख्नुपर्नेछ ।

(ख) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधीको सूची, औषधीको मात्रा, बनावट र क्षमता साथै संचय सम्बन्धी निर्देशन हुनुपर्दछ । थप जानकारीको रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था, औषधीको नकरात्मक प्रभाव, औषधी सेवन गर्दा अपनाउनुपर्ने सावधानी, औषधीको तुलनात्मक मूल्य आदि विवरण समावेश गर्नुपर्ने ।

(ग) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधी वा औषधीजन्य सामग्री तथा पदार्थको सूची तयार गरी कार्य गर्नुपर्ने ।

(घ) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्ने ।

**२०. नीजि अस्पताल सम्बन्धी विशेष व्यवस्था** : (१) नेपाल सरकारको स्वीकृति प्राप्त गरी संचालनमा रहेका नीजि, सहकारी, सामुदायिक, शिक्षण लगायतका गैरसरकारी क्षेत्रका अस्पतालहरुले पनि अनिवार्य रुपमा यस कार्यविधि बमोजिम आफ्नै फार्मेसी सेवा संचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा विरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा अस्पतालमा आउने कूल विरामी संख्याको दश प्रतिशत अति गरिव र असहाय विरामीलाई निशुल्क औषधीसहितको उपचार उपलब्ध गराउनुपर्नेछ ।

**२१. फार्मेसी संचालन सम्बन्धी सफ्टवेयर :** प्रत्येक अस्पताल फार्मेसीले मन्त्रालयले तोके बमोजिमको एकरुपता कायम हुने सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ । यस्तो सफ्टवेयरमा एण्टिमाइक्रोवियल एवं लागु लागु औषधीको विवेकपूर्ण प्रयोग र अभिलेखिकरण समेत सुनिश्चित गरिनेछ ।

**२२. निर्देशन दिन सक्ने :** यस कार्यविधिमा उल्लेख गरिएका बाहेक सबै अस्पतालहरुलाई नगरपालिका एवं तालुक प्रदेश तथा संघीय मन्त्रालयले समयसापेक्ष फार्मेसी संचालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशन पालना गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

**२३. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ ।

**२४. दण्ड सजाय :** (१) कसैले यस कार्यविधि विपरित कार्य गरेमा प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानून बमोजिम हुनेछ ।

(२) कसैले यस कार्यविधि विपरित कार्य गरेमा उपदफा (१) मा उल्लेख भएको सजायका अतिरिक्त नगरपालिकाले कसुरको प्रकृति हेरी रु. दश हजारदेखि पचास हजारसम्म जरिवाना गरी थप कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**२५. संशोधन तथा हेरफेर :** यस कार्यविधिमा उल्लेख भएका कुनै विषयको संशोधन तथा हेरफेर नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,
मणि राज शाह
प्रमुख प्रशासकीय अधिकृत